## कुराकानीद्वारा द्वन्द्व समाधान

तपाईंले सेवकाईमा कसरी नेतृत्व गर्नुहुन्छ र अरूलाई कसरी प्रभाव पार्नुहुनेछ भन्ने कुरामा सञ्चार एउटा महत्त्वपूर्ण भाग हो।

खम्बाहरूहरूमा, सञ्चार एक महत्त्वपूर्ण विषय बन्छ, विशेष गरी जब यो चुनौतीपूर्ण नेतृत्वको क्षेत्रमा आउँछ। र त्यो क्षेत्र द्वन्द्व समाधान हो। जब तपाईं मानिसहरूलाई अगुवाइ गर्नुहुन्छ, अनि सेवाकाइलाई नेतृत्व गर्दै हुनुहुन्छ, त्यहाँ समय आउनेछ जब तपाईंले मानिसहरूलाई बसाउन पर्नेहुन्छ, कतिपय कुरा सुल्झाउन पर्ने हुन्छ, मानिसहरूलाई बुझ्न सहायता गर्न, पारस्परिक द्वन्द्व समाधान गर्न पर्ने हुन्छ। यस्तो समयमा सञ्चार धेरै महत्त्वपूर्ण हुन्छ, किनभने धेरैचोटि खराब सञ्चारले नै वास्तवमा द्वन्द्वलाई अझ खराब बनाउँछ। हितोपदेशको पुस्तकले हामीलाई कसरी शब्दहरू प्रयोग गर्छौं, कसरी सेवकाईमा द्वन्द्व समाधान गर्न सञ्चार गर्छौं भन्ने कुरा सिकाउनको लागि धेरै कुराहरू छन्। हितोपदेश १८:२१ ले यसो भन्छ, "जिब्रोमा जीवन र मृत्युको शक्ति हुन्छ।"

जिब्रोको शक्ति हामी सबैले अनुभव गरेका छौं। जसरी मानिसहरूले हामीसँग कुरा गरेका छन्, हामीलाई सञ्चार गरेका छन्, हामीले कहिलेकहीं जीवनको अनुभव गरेका छौं, हामीले कहिलेकहीं मृत्युको अनुभव गरेका छौं। हितोपदेशले यहाँ के भनिरहेको छ भन्ने कुरा हामी बुझ्दछौं। तपाईंले हितोपदेशको पुस्तक अध्ययन गर्दा पत्ता लगाउनुहुन्छ कि यसले हामीलाई वास्तवमा एउटा ढाँचा दिन्छ। हामी कसरी मानिसहरूलाई सञ्चारद्वारा सहायता गर्न सक्छौं, उनीहरूलाई उनीहरूको विवाद समाधान गर्न सहायता गर्न सक्छौं। तीन सरल चरणहरूमध्ये, सञ्चारको लागि पहिलो चरण यो हो, कि तपाईंले बोल्नु अघि सुन्नुपर्छ। तपाईंले बोल्नुभन्दा सुन्नुचाहिँ मुख्य कुरा हो।

त्यसपछि तपाईंले सत्य बोल्नुपर्छ। तर तपाईंले त्यसलाई कसरी गर्ने सो तरिका छ।  अब तपाईंले तिनीहरूलाई जीवन दिने कथनहरू दिनुपर्छ। सुन्नुहोस्, सत्य बोल्नुहोस्, जीवनदायी कुरा बोल्नुहोस्। हितोपदेशले हामीलाई यी तीन चरणहरू नै सिकाउँछ। त्यसो भए प्रत्येक चरणलाई हेरौं। पहिलो चरण हो तपाईंले सुन्नुपर्छ।

हितोपदेश १७:२८ ले यसो भन्छ, "चूप लागिबस्ने मूर्ख पनि बुद्धिमान् ठानिन्छ, र आफ्नो जिब्रोलाई लगाम लगायो भने त्यो विवेकी मानिन्छ।"

हितोपदेशको मूल सन्देश यही हो, "सुन्नुहोस्, अरूले तपाईंलाई बुझिदिऊन् भन्ने भन्दा पनि तपाईंले अरूलाई बुझ्न खोज्नुहोस्।" प्रायः हामी सधैं पहिले बोल्न चाहन्छौं ताकि मानिसहरूले हामी कहाँ छौं भनेर बुझ्न सकून् र हितोपदेशले भनेको छ, "सुन्, ध्यान देओ।" पहिले सुन्नुहोस्। के भन्दैछ समझ प्राप्त गर्नुहोस्। जब तपाईं सुन्नुहुन्छ, तपाईं भावनात्मक रूपमा मात्र होइन तर तिनीहरूको शब्द र शरीरको भाषाको अभिव्यक्तलाई पनि सुन्न सक्नुहुन्छ। र हितोपदेश भन्छन्, "एक अगुवाको रूपमा सुरु गर्नुहोस्।  सुरुवात सुनेर गर्नुहोस्। के तपाईं कहिले यस्तो वार्तालापमा पर्नुभएको छ, जहाँ तपाईं केही भन्नुहुन्छ र तपाईं को वाक्य पूरा हुनु अघि अर्को  व्यक्तिले तपाईंलाई बाधा पुऱ्याउँछ र उनीहरूले केही बोल्दा उनीहरूको वाक्य पूरा हुनु अघि, तपाईंले तिनीहरूलाई अवरोध गर्नुहुन्छ?

यहाँ हामी के देख्छौं भने, कसैले सुनिरहेको छैन। वास्तवमा कसैले अर्को व्यक्तिलाई बुझिरहेको छैन। येशूले प्रायः कुराकानीलाई प्रश्न साथ सुरु गर्नुहुन्थ्यो ताकि उहाँले पहिले सुन्न सकून्।

हितोपदेश १८:१३ मा यसरी लेखिएको छ, "सुन्न अघि जवाफ दिनु, त्यो त्यसको मूर्खता र शर्म हो।"

सुन्न अघि जवाफ दिनु। यसकारण हामी सुरुवात सुनेर गर्छौं अनि हाम्रो सुन्नुको अभिप्राय हामीले निपुणतामा जवाफ फर्काउनु कदाचित् होइन। हामी यसकारण सुन्छौं कि तिनीहरूको हृदयसँग जोडिन सकौं। जब तपाईंले कसैलाई  नेतृत्व गर्नुहुन्छ अनि त्यहाँ कठिनाइ छ, विवाद छ, भूल बुझाबुझ छ, तपाईंले तिनीहरूको हृदयमा बनाउनुभएको सम्बन्धले कुराकानीको त्यो क्षणमा तपाईंले निर्माण गर्नुभएको विश्वासले तपाईंलाई ठूलो प्रभाव पार्ने अवस्थामा लाँदछ। यसकारण सुन्नुहोस्, तर तपाईं कसरी तर्क जित्न सक्नुहुन्छ भन्ने ध्येयले नसुन्नुहोस्।

सुन्नुहोस् ताकि तपाईंले त्यो व्यक्तिलाई साँच्चै बुझ्नुहुनेछ। आफैलाई त्यो ठाउँमा राख्नुहोस् जहाँ तपाईंले बुझ्न सक्नुहुन्छ। कसैसँग पनि कुरा गर्दा यी तीन शब्दहरू प्रयोग गर्नुहोस् जहाँ तपाईं भन्न सक्नुहुन्छ, "मलाई बुझ्न सहायता गर्नुहोस्।"

जुनसुकै कुरामा किन नहोस्, तपाईंले "मलाई बुझ्न सहायता गर्नुहोस्" भनिदिँदा उनीहरूले महसुस गर्छन् कि तपाईं साँच्चै उनीहरूको हृदय र आत्मामा के भइरहेको छ सो जान्न चाहनुहुन्छ। नयाँ करारमा एक जना पिताको कथा छ। त्यहाँ चेलाहरूले उनको छोरोबाट दुष्ट आत्मालाई बाहिर निकाल्न सकेनन्। यो बुबाको छोरो जो धेरै बिरामी थियो र येशूले भन्नुभयो, "मलाई तिम्रो छोरोको बारेमा बताऊ। उसलाई कहिलेदेखि यस्तो भएको हो?" येशूलाई वास्तवमा त्यो केटाको बारेमा सम्पूर्ण कुरा थाहा थियो। उहाँले त्यो बुबाको हृदयसँग सम्बन्ध जोड्दैहुनुहुन्थ्यो।

हितोपदेश भन्छन्, "एक अगुवाको रूपमा सुरु गर्नुहोस्। सुनेर सुरुवात गर्नुहोस्।

तपाईंको सुरुवात तपाईं कुरा गरेर वा उपदेश वा आदेश दिएर सुरु गर्नुहुन्न। तपाईं सुनेर सुरु गर्नुहुन्छ ताकि तपाईं उनीहरूको हृदयमा जोडिन सक्नुहुन्छ र उनीहरूले थाहा गर्नेछ कि तपाईं उनीहरूको वास्ता गर्नुहुन्छ अनि यसरी विश्वास निर्माण हुन्छ। जब त्यो हुन्छ, अब तपाईं दोस्रो चरणमा जान सक्षम हुनुहुन्छ, जुनचाहिँ सत्य बोल्नु हो।" हितोपदेश १२:२२ यसो भन्छ, "परमप्रभु झुटा ओठलाई ओठलाई घिनाउनुहुन्छ, तर उहाँ सत्यवादी मानिससँग प्रसन्न हुनुहुन्छ।"

हितोपदेशले झुट र विश्वासयोग्यता बीचको सम्बन्धलाई दर्शाउँदछ।

उनी भन्छन्, "सुन्नुहोस्, जब तपाईं सत्य बोल्नुहुन्छ, तपाईं तुरुन्तै विश्वासयोग्य व्यक्ति बन्नुहुन्छ। यद्यपि मानिसहरूले सधैं सत्य सुन्न चाहँदैनन् तापनि, तपाईं तिनीहरूका लागि  भरपर्दो मानिस बन्नुहुन्छ। प्रायः जब सम्बन्धमा पारस्परिक विवाद हुन्छ, हामी के गर्छौं भने हामी यसलाई बेवास्ता गर्छौं, हामी यसलाई सम्बोधन गर्दैनौं अथवा समाधानपट्टि जाँदैनौं। हामी यसलाई आफैभित्र राख्छौं अथवा न्याय गर्नपट्टि लाग्छौं।

र सत्य बोल्नुको सट्टा, हामी यो गलत समायोजनको हृदयबाट बाहिर आउनेछौं वा हामी केवल एक प्रकारको सत्य समायोजन गर्नेछौं।" हितोपदेशले यो धेरै स्पष्ट पार्छ। यदि तपाईं मानिसहरूलाई अगुवाइ गर्ने काम गर्दै हुनुहुन्छ भने, तपाईंले साँच्चै सत्य बोल्न पर्ने हुन्छ।

यो सत्य-बताउने विचार, वास्तवमा तीन फरक क्षेत्रहरूमा हुन्छ। पहिलो क्षेत्रमा यो हुन्छ तपाईंले आफैलाई सत्य बोल्नुपर्छ। तपाईं के भइरहेको छ भन्ने बारे आत्म-सजग हुनुपर्छ, किनभने हामी अगुवाहरू पनि मानव हौं र हामीसँग भावनाहरू छन् र हामीभित्र पनि चोट हुन्छ। र जब हामी हाम्रा शब्दहरूद्वारा द्वन्द्व समाधान गर्न बसिरहेका छौं, हामीले आफैसँग सत्य बोल्नुपर्छ। हितोपदेश २८:१३ मा यसरी लेखिएको छ, "आफ्ना पापहरू लुकाउनेको उन्नति हुँदैन, तर जसले त्यो स्वीकार गर्छ र त्याग्छ, त्यसले कृपा पाउँछ।"

जबसम्म तपाईं आफ्नो स्थिति र यस क्षणले तपाईंमा परेको प्रभावको बारेमा आत्म-सजग हुनुहुन्न तबसम्म तपाई अरूलाई सत्यमा डोऱ्याउन सक्षम हुनुहुनेछैन। हामी यति धेरै समय खर्च गर्छौं। हामी ठिक छौं भनी बहाना गरेर, हामीमा कुनै समस्या छैन भनी बहाना गरेर धेरै ऊर्जा व्यर्थमा बर्बाद गर्छौं।

हितोपदेशले भन्छ,"सुन, एक अगुवाको रूपमा, पहिले आफैसित सत्य बोल।"

आफैसँग इमानदार हुनुहोस् र तपाईं जहाँ हुनुहुन्छ त्यहाँ इमानदार हुनुहोस्, किनभने त्यो इमानदारिले तपाईंलाई अरूसँग सत्य बोल्ने स्थितिमा राख्छ। हितोपदेशले १७:१७ ले यसो भन्छ, "दाज्यूभाइचाहिँ दुःखको बेलाको लागि जन्मेको हुन्छ।" हामी सँगै परिवार हौं र हामी एकअर्काका लागि अवस्थित छौं र कठिन र द्वन्द्वको समयमा हामी एकाअर्काको निम्ति खडा हुन्छौं। अनि एक अगुवाको रूपमा हामीसित सत्य बोल्ने जिम्मेवारी दिइएको छ। मसँग मेरो मण्डलीमा एक जना मानिस थियो जो विवाहित थिए तर उसले एक ख्रीष्टियन पतिको रूपमा वैवाहिक जीवन जिएका थिएनन्। उसले केही मूर्ख निर्णयहरू गरिरहेको थियो। ती कुरा पाप नै नभए तापनि मूर्खतापूर्ण अवश्य थिए।

त्यस समयमा, मसँग उसित बसेर उनले एक ख्रीष्टियन पतिको रूपमा किन संघर्ष गरिरहेछ भनेर सुन्ने र सत्य बोल्ने परिपक्वता मभित्र थिएन। मैले यो विषयमा टाढो बस्ने निर्णय लिएँ। यो मेरो लागि सजिलो थियो। यसले हाम्रो मित्रतालाई बिगार्ने थिएन। यो विषयमा मैले बेवास्ता गर्दा खासै कुनै अप्ठ्यारो हुने थिएन। एक वर्षपछि, यो पति र पत्नीको सम्बन्ध विच्छेद भयो र मलाई प्रभुको सामु घुँडा टेकेर पश्चात्ताप गरेर यसो भन्दै गरेको कुराको सम्झना छ, "हे परमेश्वर, मलाई रक्षा गर्नुहोस्, किनभने मैले कहिल्यै रोकिनँ।

म आफूलाई दाजुभाइ र दिदी-बहिनीहरूबाट सत्य बोल्नका लागि अनुग्रह र छुटकाराको बाटोबाट कहिल्यै अलग गर्नेछैन।" हितोपदेशले बताउँदछ, पहिले तपाईंले सुन्नुपर्छ, र त्यसपछि तपाईंले सत्य बोल्नुपर्छ। तपाईंले आफैसित सत्य बोल्नुपर्छ साथै साथीहरूसँग र हाम्रो वरिपरिको समाजसित पनि सत्य बोल्नुपर्छ। तर हामी कसरी गर्छौं भन्ने कुरा महत्त्वपूर्ण छ। हितोपदेश १५:१ ले भन्छ, "नम्र जवाफले क्रोधलाई शान्त पार्छ तर कठोर वचनले रीस उठाउँछ।"

हामी सत्य बोल्दा हाम्रा शब्दहरू र भावनाहरूमा विनम्रता हुनुपर्छ। प्रायः द्वन्द्व यति भावनात्मक रूपमा उग्र हुन्छ कि शब्दहरू आफैमा लगभग हिंसात्मक हुन्छन्। बाइबलले भन्दछ कि यो दया हो जसले पश्चात्तापमा पुऱ्याउँछ। हामीले सुन्ने मात्र नभई बोल्दा, नम्र भई कसरी बोल्ने भन्ने कुरा सिक्ने बानी बसाल्नु आवश्यक छ। यसले हामीलाई धेरै हानिकारक कठोर शब्दहरूबाट रोक्छ।

हितोपदेशले फेरि हामीलाई त्यो कसरी गर्ने भन्नेबारे केही अन्तर्दृष्टि दिन्छ। हितोपदेश १९:१ ले भन्छ, "मानिसको बुद्धिले धैर्यता दिन्छ।" जब तपाई यस प्रकारको कुराकानीमा हुनुहुन्छ र तपाई सत्य बोल्दै हुनुहुन्छ वा त्यहाँ धेरै विवाद छ, पर्खनुहोस्। दशसम्म गणना गर्नुहोस्। लाखसम्म गणना गर्नुहोस्।

तपाई बोल्नुअगि पर्खनुहोस् र धैर्य धारण गर्नुहोस्, अनि त्यसपछि बुद्धि र विनम्रतासाथ बोल्नुहोस्। जब तपाई भावनात्मक रूपमा उग्र हुनुहुन्छ तब नबोल्नुहोस्। हितोपदेश १५:२२ ले भन्छ, "परामर्शको कमीले गर्दा योजनाहरू विफल हुन्छन्, तर धेरै परामर्शदाताहरूको कारण तिनीहरू सफल हुन्छन्।" के तपाईंलाई थाहा छ यसले हामीलाई के सिकाउँछ?

तपाईंका शब्दहरू धेरै कठोर भइरहेको छ भन्ने मानिसहरूलाई लागिरहेछ भने, उनीहरूलाई तपाईंको जीवनमा बोल्ने अनुमति दिनुहोस्। प्रायः यो पद आमा र बुबाहरूका लागि आफ्ना छोराछोरी हुर्काउनका लागि धेरै महत्त्वपूर्ण हुन्छ।

हामीसँग आमाबाबुको फरक व्यक्तित्व छ र एउटा बच्चाको साथमा आमाबाबुको फरक प्रकारको सम्बन्ध छ र पति र पत्नीको रूपमा, बुबा र आमाको रूपमा एकअर्काको विरुद्धमा हुनुको सट्टा, हामीले एकअर्कालाई समर्थन गर्न आवश्यक छ। त्यसैले मैले मेरी पत्नीलाई भन्नु आवश्यक छ जब तिमीले छोरासँग मैले कडा शब्दहरूमा धेरै चर्को स्वरमा बोल्दै गरेको सुन्यौ भने, तिमीले बिचमा मलाई रोक्न सक्छयौ, ताकि मैले उसित नम्रतापूर्वक बोल्न जान्न सकूँ र हाम्रो बातचित नम्रतापूर्वक हुन सकोस्। हितोपदेश १५:४ यहाँ हामी नम्र भएर बोल्ने अर्को तरिका छ। निको पार्ने जिब्रो जीवनको रूख हो।

आफ्नो हृदयको रक्षा गरेर तपाई नम्र भएर बोल्नुहोस्। तपाई वार्तालाप गर्न अघि प्रार्थनामा तयार हुनुहोस् अनि नम्रतापूर्वक बोल्नुहोस्। तपाई नम्रतापूर्वक बोल्नुहोस् र भावनात्मक रूपमा उग्र हुने अवसरलाई मौका नदिनुहोस्, यसरी तपाईले जीवन ल्याउनुहुनेछ।

सोलोमनले हितोपदेशमा यसो भनेका छन्, "एक अगुवाको रूपमा तपाईंले सुन्नुहुन्छ भने आफ्ना शब्दहरूद्वारा विवादलाई समाधान गर्न सक्नुहुन्छ। पहिले उनीहरूको हृदय जोड्ने उद्देश्यका साथ सुन्नुहोस् ताकि विश्वास निर्माण हुन्छ। त्यसपछि आफैसँग साथै उनीहरूसँग सत्य बोल्नुहोस्। नम्रता र अनुग्रहका साथ जीवनको उद्देश्यका लागि तपाई सत्य बोल्नुहोस्।

तर त्यसपछि हितोपदेशले तेस्रो धेरै महत्त्वपूर्ण चरण थप्छन्, जुन प्रायः यस प्रक्रियाबाट बाहिर रहन्छ विशेष गरी जब त्यहाँ कुनै प्रकारको विवाद समाधान हुन्छ। यसले भन्छ कि सधैं जीवन दिने शब्दहरू समावेश गर्नुहोस्। हितोपदेश १०:११ ले भन्छ, "धर्मात्माको मुख जीवनको फोहरा हो।"

के तपाईका शब्दहरू जीवनको मूल हो? कि तिनीहरू दलदल हुन् जहाँ मानिसहरू डुब्छन् र म तपाईंलाई केही वाक्यांशहरू बताउन चाहन्छु जुन मलाई लाग्छ कि बाइबलीय र व्यावहारिक रूपमा जीवनदायक शब्दहरू हुन् जुन हामीले अगुवाहरूको रूपमा हाम्रा मानिसहरूलाई बताउनुपर्छ।

हामीले हाम्रा मानिसहरूलाई भन्नुपर्छ, "म तिमीमा विश्वास गर्छु।" येशूले चेलाहरूलाई यही भन्नुभयो।

तपाईले प्रायः मानिसहरूलाई देख्नुहुन्छ जसलाई हामीले नेतृत्व गर्छौं, तिनीहरूले आफ्नो आत्मविश्वास गुमाएका हुन्छन् र तिनीहरू निराश हुन्छन्। उनीहरूलाई एउटा आवाज चाहिन्छ जसले भन्छ, "म तपाईंलाई विश्वास गर्छु। मलाई विश्वास छ कि तपाईंसँग परमेश्वरको सेवा गर्नका लागि आवश्यक कुरा छ। म विश्वास गर्छु, कि ख्रीष्ट तपाईंभित्र हुनुहुन्छ। म विश्वास गर्छु,उनीहरूमा आशा बढेको छ, किनकि तपाईंले उनीहरूसित त्यो जीवन दिने वचन बोल्नुभयो। म तपाईंलाई विश्वास गर्छु।"

हामीले बोल्न पर्ने अर्को जीवनदायक शब्द हो, "मलाई माफ गर्नुहोस्।"

यी शब्दहरू विशेष गरी हाम्रो वरपरको नजिकको व्यक्तिलाई दिन आवश्यक छ। धेरैपटक, अगुवाको रूपमा हामी आफ्नो अधिकारको ठाउँमा भएकोले हामी यो सोंच्छौं, कि हामीले कमजोरी देखाउन हुँदैन। हामी मानिस हौं, यसकारण गल्ती हुन्छ। जब हामी गल्ती गर्छौं हामीले तुरन्त यसलाई स्वीकार गर्नुपर्छ र माफी माग्नुपर्छ।

जब हामी यसो गर्छौं, तब परमेश्वरले झन् बढ्ता रूपमा भरोसा र घनिष्ठतालाई निर्माण गर्नमा यसलाई चलाउनुहुन्छ। तपाईले गरेका गल्तीहरू स्वीकार गर्दा तपाईंका मानिसहरूले तपाईंलाई अझ धेरै पछ्याउनेछन्। यो विशेष गरी छोराछोरी भएका आमाबाबुका लागि महत्त्वपूर्ण हुन्छ कि जब तपाईंले आफ्ना छोराछोरीलाई भन्नुहुन्छ, "सुन! मैले हिजो तिमीसँग बेठीक प्रकारले कुरा गरें यसको निम्ति म माफी चाहन्छु।"

उनीहरूले त्यो क्षमा प्राप्त गर्दा कस्तो अनुभव हुन्छ, त्यसलाई प्रत्यक्ष देख्छन् अनि त्यसले उनीहरूको विश्वास र ज्ञानमा कसरी वृद्धि हुँदैजान सहायता गर्दछ। यहाँ अर्को जीवन दिने कथन छ मलाई लाग्छ कि तपाईंले यसलाई भन्नुपर्छ। मलाई तिम्रो साथ चाहिन्छ। मलाई तपाईं चाहिन्छ भनेर जब तपाईले भन्नुहुन्छ, त्यसले जाहेर गर्दछ तपाईं आफ्नो सम्बन्धको बारेमा कुरा गर्दै हुनुहुन्छ र तपाईं पनि त्यो प्राप्त गर्ने एक व्यक्ति हुनुहुन्छ।

सेवकाईमा प्रायः  मानिसहरूले हामी अगुवाहरूकहाँ आएर भन्छन्, "मलाई तपाईंको आवश्यकता छ। मलाई तपाईंको शिक्षा चाहिन्छ। मलाई तपाईंको आराधना नेतृत्व चाहिन्छ। मलाई तपाईंको नेतृत्व चाहिन्छ।" यहाँ हामी मानिसहरूका निम्ति कति धेरै आवश्यक रहेछौं भन्ने देखिन्छौं। तर यो कथनलाई उल्टो गरेर जब  हामी भन्छौं, "मलाई तपाईंको खाँचो छ" हामीले तिनीहरूको मूल्य बढाउँछौं। जब तपाईंले भन्दै गर्दाखेरि तिनीहरूको आवश्यकता तपाईंलाई किन छ भन्ने कुरा प्रष्टाएर भन्नुहोस्। यसलाई सामान्य रूपमा मात्र नभन्नुहोस्। सठीक हुनुहोस्।

मलाई तपाईंको आवश्यकता छ, किनकि जब म तपाईंको वरिपरि हुन्छु म सधैं प्रेरणा पाउँछु। मलाई तपाईंको यसकारण खाँचो छ, किनकि जब म तपाईंको वरिपरि हुन्छु म सुरक्षित र आफैमा सहज अनुभव गर्छु।

यहाँ मलाई यसकारण तपाईंको खाँचो छ, किनभने मसँग यो गर्नका लागि तपाईंमा भएको वरदान छैन। तपाईंले यो धेरै राम्रो गर्नुहुन्छ र यसले हामीलाई राम्रो दल बनाउनेछ।

म चाहन्छु, कि तपाईंले यस्ता मानिसहरूको मूल्यलाई बढाउनुहोस्, जोहरूले ठान्छन् कि उनीहरूको कुनै मूल्य र आवश्यकता छैन।

यहाँ अर्को जीवनदायक कथन छ। भन्नुहोस्, म तिमीलाई सम्मान गर्छु। म तिमीलाई सम्मान गर्छु।

मेरो व्यक्तिगत विश्वास छ, कि यो कथन धेरै महत्त्वपूर्ण छ किनकि, हामी ख्रीष्टियनहरू एकताबद्ध हुनुपर्दछ। मण्डलीमा हामी एकताबद्ध हुनुपर्छ। तर बाइबलले सिकाएको एकता भनेको सर्वसम्मति वा एकरूपता किसिमको एकता होइन। हामी सबैजना उस्तै देखिदैनौं। हामी सधैं एकै प्रकारको विचार गर्दैनौं । मतभिन्नताहरू छन्। जब तपाईं भन्नुहुन्छ, "म तपाईंलाई सम्मान गर्छु," तपाईंले त्यो व्यक्तिलाई यही भन्नुहुन्छ कि हामी एकअर्काको कदर गर्न सहमतमा आउनु पर्दैन। हामीले एकअर्कालाई मान्यता दिनका निम्ति हरेक कुरा एकै प्रकारले देख्नुपर्दैन।

हामी असहमत हुनु कुनै बेठीक कुरा होइन। म तपाईंलाई सम्मान गर्छु भन्नुको तात्पर्य हामीमा मतभेद हुन सक्छ तापनि तपाईं र मेरो निकटतामा कमी आएको छैन भन्ने हो। म तपाईंलाई सम्मान गर्छु भन्ने वाक्यांश केवल मुखमा सीमित हुनुहुँदैन। संसार झन् बढी विभाजित हुँदै जाँदा र कहिलेकहीँ ती विचारहरूले मण्डली रक्ताम्य हुँदा, महत्त्वपूर्ण छ कि हामी अगुवाहरूले त्यो जीवन दिने शब्द बोल्न सक्छौं, जसले एकतालाई सुरक्षित पार्दछ।

यहाँ अर्को शब्द छ जुन मलाई लाग्छ जीवन दिने र भन्नका लागि अत्यन्त महत्त्वपूर्ण छ, त्यो हो, "म तिमीलाई माया गर्छु।" धेरैजसो ख्रीष्टियनहरूलाई थाहा छ कि उनीहरूलाई उनीहरूका अगुवाहरूले माया गर्छन् तर सांस्कृतिक विभिन्नताको कारणले कतिको निम्ति यो शब्द असामान्य र फरक, एकदमै सांस्कृति विरुद्ध हुन्छ। तर बोलेर व्यक्त गर्नु अत्यन्त महत्त्वपूर्ण छ। मण्डलीलाई कहिलेकहीं संस्कृति विपरीत हुन, असामान्य र फरकपनाको विपरीत व्यवहार गर्न र अभ्यास गर्न बोलाइएको हो। सांस्कृतिक अवरोधले तपाईंलाई जीवन दिने वचन दिनबाट रोक्न नदिनुहोस् तर बुझ्नुहोस् कि संस्कृतिभन्दा फरक सत्य ल्याउनका लागि मण्डलीले भविष्यसूचक भूमिका खेल्दछ र त्यो जीवन दिने वचनले मानिसहरूलाई मान्यता दिन्छ।

सबैजना उनीहरूलाई प्रेम गरिएको छ भन्ने सुन्न चाहन्छन्।

यहाँ अर्को जीवन दिने शब्द छ र त्यो हो, "म तिमीलाई क्षमा दिन्छु।"

यो धेरै महत्त्वपूर्ण छ। म तपाईंलाई यो वाक्यांशलाई हेरफेर गर्ने तरिकामा प्रयोग नगर्न चेतावनी दिन्छु किनकि कसैले तपाईंलाई चोट पुऱ्याएको हुन सक्छ र तपाईंले तिनीहरूलाई "अहो, म तपाईंलाई माफ गर्छु" भन्दै तुरन्त प्रतिकृया दिन सक्नुहुन्छ। वास्तवमा यो तपाईंको प्रभाव जमाउने एक उपाय हुन सक्छ। जब तपाईंले भन्नुहुन्छ, "म तपाईंलाई माफ गर्छु" यो धेरै महत्त्वपूर्ण छ। कारण यसद्वारा तपाईंले तिनीहरूलाई स्वतन्त्र गराएर पुनःमिलापमा ल्याउन सक्नुहुन्छ। मानिसहरूका लागि यो सुन्न महत्त्वपूर्ण छ, कि तपाईंले रिस राख्नुहुन्न अनि तिनीहरू क्षमा पाएका छन्। नत्रता, शत्रुले तिनीहरूमा काम गर्न सक्छ र तिनीहरूलाई आरोप लगाउन सक्छ अनि तिनीहरूको अडानलाई हल्लाउन सक्छ। तर जब तपाईं भन्नुहुन्छ, "मैले तिमीलाई माफ गर्छु" तब तिनीहरू त्यसबाट मुक्त हुन्छन् र तिनीहरू स्वतन्त्र हुन्छन् र सुरक्षित हुन्छन्। अब यहाँ एउटा अन्तिम जीवन दिने शब्द छ जुन तपाईंका लागि असामान्य लाग्न सक्छ, विशेष यदि तपाईं एक युवा अगुवा हुनुहुन्छ भने। यो अन्तिम वाक्यांश हो, "म तिमीमा गर्व गर्छु। मलाई तिमीमा गर्व छ। मैले एक सयभन्दा बढी देशको भ्रमण गरेको छु र मैले संसारभरका जवान अगुवाहरूसँग मिलेर काम गरेको छु र म गएको हरेक संस्कृतिमा युवा अगुवाहरूले यो वाक्यांश उनीहरूका निम्ति अनौठो भएको बताएका छन्।"

यो वास्तवमा प्रायः पुराना अगुवाहरूले जवान अगुवाहरूलाई भन्ने वाक्यांश हो। तपाईं एक युवा अगुवा हुनुहुन्छ भने तपाईंसँग प्रभावमा रहेका मानिसहरू अवश्य छन् र सबैले सुन्न आवश्यक छ र सुन्न चाहन्छ, "मलाई तपाईंमा गर्व छ।" जब तपाईंले यो भन्नुहुन्छ तब उनीहरूका छात्ती गर्वले उचा हुन्छ, किनभने तपाईंले उनीहरूलाई जीवन दिने वचन दिनुभयो।"

म यस सत्रको अन्त्य हितोपदेशबाट नभएर भजनसंग्रहबाट गर्न चाहन्छु। भ्जनसंग्रह १९:१४ले यसरी भन्दछ, "मेरो मुखका शब्द र मेरो हृदयको ध्यान तपाईंको दृष्टिमा ग्रहणयोग्य भएको होऊन्।"

परमेश्वरले हामीलाई हाम्रा शब्दहरूद्वारा द्वन्द्व समाधान गर्न अगुवाहरूको रूपमा सञ्चारको वरदान दिनुभएको छ र हामीले मानिसहरूसँग हृदयमा जोडिएर उनीहरूलाई सुन्छौं भने परमेश्वरलाई महिमा दिनेछौं।

जब हामी अनुग्रही भएर नम्रतामा सत्य बोल्छौं अनि जीवन दिने शब्दहरूद्वारा मानिसहरूलाई हौसला दिन्छौं तब हामी अगुवाको भूमिका निभाउँछौं अनि तिनीहरूलाई परमेश्वरको नजिक साथै हाम्रो नजीक ल्याउँछौं।

तपाईंले हितोपदेशको ढाँचा प्रयोग गर्न सक्नुहुन्छ यसरी सञ्चारको माध्यमबाट तपाईंले कुराकानी गरेर द्वन्द्व समाधान गर्न सक्नुहुन्छ। यसरी अवश्य तपाईंको सेवकाईमा एकता, सद्भावना र फलदायीपन आउनेछ।

हामीसँग भएको विश्वासको सबैभन्दा ठूलो चुनौती भनेको परमेश्वरले जुन योजना दिनुभएको छ त्यसलाई उहाँले पूरा गर्नुहुनेछ भनी विश्वास गर्दै त्यसप्रति इमानदार रहनु हो, उहाँ पूरा हुनुहुनेछ भन्ने विश्वास गर्दै। यो डरलाग्दो भए पनि, हामी परमेश्वरको प्रबन्धलाई कसरी हेर्छौं र बुझ्छौं भन्ने कुरामा हामी बदलाउ गर्दछौं।

हिब्रू ११:२९ मा पाइने अन्तिम विशेषतालाई हेर्नुहोस्। "विश्वासद्वारा ओबानो भूमिमा झैं गरी हिँडेर तिनीहरूले लालसमुद्र पार गरे, जुन कुरा मिश्रीहरूले प्रयत्न गर्दा डुबेर मरे।"

मोशाले परमेश्वरको अलौकिक प्रबन्ध देखे। तिनले के हुनेछ भन्ने कुरा देखे।

मिश्रीहरू डुबेर मरे, तर इस्राएलीहरूलाई परमेश्वरले स्वतन्त्रतातिर डोऱ्याउनुभयो।

अनि परमेश्वरले मोशालाई त्यो दर्शन पूरा गर्नका निम्ति चाहिने सबै कुरा प्रदान गर्नुभयो। उहाँले त्यो मोशाले सोचेका तरिकाले वा तिनले सोचेका समयमा प्रदान गर्नुभएन। जुन तरिकाले मोशाले यो प्रदान गरिनेछ वा कहिले प्रदान गरिनेछ भनेर सोचेका थिए। हामी पनि कसरी मोशा जस्तै छौं भन्ने कुरा के तपाईं देख्नुहुन्छ? हामी त्यही अवस्थामा छौं, जहाँ हामीसँग यो दर्शन छ र हामी यसलाई अगाडि बढाउन चाहन्छौं, तर हामीलाई त्यो दर्शनका लागि स्रोत-साधनहरू चाहिन्छ। परमेश्वरले कसरी प्रदान गर्नुहुन्छ? अनि मोशाको कथाले हामीलाई धेरै वास्तविक भिन्नता देखाउँछ, किनकि यदि हामी आफैसँग साँच्चै इमानदार छौं भने हामीमध्ये धेरैजना मोशाजस्तै बन्न चाहन्छौं, तर राजमहलमा मात्र।

हामी महलको मोशाजस्तै हुन चाहन्छौं, किनकि यदि तपाईं सोच्नुहुन्छ, "यदि मसँग दरबार भएको भए, दरबारमा, मोशासँग सबै अधिकार थियो। तिनका शब्दहरू हजारौं दासहरूका निम्ति आदेश थिए। तिनीसँग सबै स्रोत-साधनहरू थिए। तिनीसँग आफूले चाहेको गर्नका निम्ति पुग्दो पैसा थियो। तिनीसँग सबै पद(ओहदा) थियो। तिनीसँग सबै प्रभाव थियो। हामी मिश्रको महलमा मोशालाई हेर्छौं, जोसँग त्यो बेला दर्शन थियो, "इस्राएलीहरूलाई छुटकारा दिनु।" र हामी भन्छौं, "काश! यदि मसँग शक्ति, अधिकार र स्रोत-साधन भएको भए, यदि मसँग त्यो भएको भए, म परमेश्वरले मलाई दिनुभएको दर्शन पूरा गर्न सक्नेथिएँ।" तर मोशाको कथा हेर्नुहोस्,तपाईंले मोशा महलमा असफल भएको थाहा पाउनुहुनेछ।

सबै शक्ति र सबै पैसाले, सबै स्रोतहरूसहित, तिनले त्यहींबाट कोसिस गरे। तिनले केवल एक इस्राएलीलाई बचाउन खोजे र तिनी असफल भए। परमेश्वरले हामीलाई उहाँले कसरी प्रदान गर्नुहुन्छ भन्ने बारेमा हाम्रो सोचमा परिवर्तन गर्न आग्रह गर्दै हुनुहुन्छ।

मोशा महलबाट प्रतिज्ञाको देशमा जान पर्‍यो, जहाँ परमेश्वरको अन्तिम दर्शन पूरा भयो। हामी पनि महलबाट प्रतिज्ञा गरिएको देशमा जानुपर्छ। हामी "यदि मसँग अधिकार, शक्ति, पैसा प्राप्त गर्न सकें भने, म परमेश्वरले मलाई दिनुभएको दर्शन पूरा गर्न सक्ने थिएँ" भन्ने विचारबाट बाहिर निस्कनु पर्छ।

हामीसँग गलत विचार छ। मोशासँग गलत विचार थियो, त्यसैकारण परमेश्वरले तिनलाई एउटा प्रक्रियाबाट लैजानुभयो। उहाँले तिनलाई एउटा मार्गबाट लैजानुभयो, जुन प्रस्थान ३ अध्यायमा हाम्रो लागि वर्णन गरिएको छ, जसबाट हामी अगुवाहरूले सिक्छौं। यहाँ परमेश्वरको प्रबन्ध कसरी आउँछ र हामीले कुनै कुराका निम्ति कसरी आफैलाई तयार गर्नुपर्छ भन्ने कुरा बताइएको छ। यो कुरा प्रस्थान ३ अध्यायबाट सुरु हुन्छ। तपाईंलाई यो कथा थाहा भएकै कुरा हो, मोशा उजाड-स्थानमा जान्छन्। तिनले पूर्ण रूपमा असफल भएको महसुस गर्छन्। अब तिनीसँग केही पनि छैन।

अझै पनि परमेश्वरले तिनलाई दर्शन दिनुभएको छ र परमेश्वर अझै पनि तिनीसँग काम गरिरहनुभएको छ अनि परमेश्वरले प्रस्थान ३:११ मा मोशालाई भेट्नुहुन्छ र तिनीकहाँ आउनुहुन्छ र भन्नुहुन्छ, "म चाहन्छु, तैंले यो दर्शन पूरा गर्।" अनि यहाँ मोशाले कसरी जवाफ दिन्छन्। तर मोशाले परमेश्वरलाई भने, "फारोकहाँ गएर इस्राएलीहरूलाई मिश्रबाट ल्याउन सक्ने म को हुँ र?" अनि परमेश्वरले जवाफ दिनुहुन्छ, "म तँसित हुनेछु।"

मोशाले स्पष्ट रूपमा भन्छन्, "मैले कोसिस गरें, र असफल भएँ। यो गर्ने म को हुँ र?" अनि तपाईं र म कहिलेकहीं यस्तै विचार गर्छौं। "यो गर्ने म को हुँ र? मैले कोसिस गरें। सायद म असफल भएँ।" हामी परमेश्वरले हामीलाई अह्राउनुभएको कामलाई हेर्छौं र यो हाम्रो क्षमताभन्दा बाहिर भएको देख्छौं। अनि परमेश्वरले मोशालाई दिनुभएको पहिलो स्रोत-साधन, जुन सबैभन्दा महत्त्वपूर्ण हो, त्यो उहाँको उपस्थितिको स्रोत-साधन हो। परमेश्वरले मोशालाई उत्साह दिने कोसिस गर्नुहुन्न। परमेश्वरले मोशाको आत्मसम्मान निर्माण गर्ने कोसिस गर्नुहुन्न। उहाँले तिनलाई यी एउटा वाक्यांश भन्नुहुन्छ, "म तँसित हुनेछु।" धेरै पटक, हामी प्राकृतिक प्रबन्ध

खोजिरहेका हुन्छौं जुन हामी यहाँबाट सुरु गर्दैनौं। परमेश्वरले मलाई दिनुभएको दर्शन पूरा गर्न मलाई चाहिने सबैभन्दा महत्त्वपूर्ण स्रोत-साधन उहाँको उपस्थिति हो। जब म उहाँको उपस्थिति पाउँछु, अरू सबै कुरा आफै प्राप्त हुनेछ। जब हामी आफूलाई आवश्यक पर्ने स्रोत-साधनहरूका लागि विश्वास गर्छौं तब यो हाम्रो स्थिति, हाम्रो मानसिकता र हाम्रो विश्वासका लागि धेरै महत्त्वपूर्ण हुन्छ। पहिलो कुरा भनेको हामीलाई उहाँ र उहाँको उपस्थिति चाहिन्छ। तर यो अझै भएको छैन। परमेश्वर र मोशाले यस्तै कुराकानी गरिरहनुभएको छ। पद १३ मा मोशा फेरि परमेश्वरको सामु आउँछन् र विरोध प्रकट गर्दै गर्छन्, "हेर्नुहोस्, अब म इस्राएलहरूकहाँ गएर तिनीहरूलाई भन्नेछु,' तिमीहरूका पिता-पुर्खाहरूका परमेश्वरले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो," तब तिनीहरूले, 'उहाँको नाउँ के हो?' भनेर सोधे भने, मैले तिनीहरूलाई के भन्ने?" तब परमेश्वरले मोशालाई भन्नुभयो, 'म हुँ जो हुँ म हुँ।' इस्राएलीहरूलाई तैंले यसो भन्नु,'म हुँ' भन्ने तिमीहरूकहाँ मलाई पठाउनुभएको हो।"

मोशाले अब अधिकारको प्रश्न उठाउँछन्। मलाई अधिकारको स्रोत-साधन चाहिन्छ। यदि म इस्राएलीहरूकहाँ गएँ भने तिनीहरूमाथि मेरो कुनै अधिकार छैन। म पहिले पनि असफल भएको छु। म अब महलमा छैनौं। मेरो कुनै अधिकार छैन। मैले के गर्ने? अनि परमेश्वरले स्पष्ट जवाफ दिनुहुन्छ, "तैंले भन्नू, 'म हुँ' भन्नेले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो। म परमेश्वर हुँ भन्नेले तँलाई अधिकार दिएको छु।" त्यो हामीकहाँ आउने दोस्रो स्तरको प्रबन्ध हो। यो केवल उहाँको उपस्थिति होइन, तर उहाँले हामीलाई आत्मिक रूपमा दिनुभएको अधिकार छ जुन हामी बोकेर हिँडछौं, यस नाउँमा, "म हुँ," भन्ने लेखिएको छ, जुन एक असामान्य नाउँ हो। तर इमानदारीपूर्वक भन्नुपर्दा, "म हुँ" नाउँले परमेश्वरको स्रोत-साधनको बारेमा हामीसँग भएका सबै प्रश्नको जवाफ दिन्छ।

"हे परमेश्वर, यी खर्चहरू कसले भर्नेछ?"

"म हुँ।" ले भर्नेछन्।

हे परमेश्वर, जब म तपाईंको सेवामा व्यस्त हुन्छु, तब मेरो परिवारको हेरचाह कसले गर्छ?

"म हुँ।" ले भर्नेछन्।

स्रोत-साधनको बारेमा तपाईंको हरेक प्रश्नको उत्तर तपाईं पाउनुहुनेछ।

"हे परमेश्वर, मैले सही मानिसहरू कसरी भेट्टाउने?"

"म हुँ।" उहाँले "म हुँ" भनेर जवाफ दिनुहुन्छ। उहाँ सधैं तपाईंको साथमा हुनुहुन्छ। उहाँ तपाईंको पहिलो र सबैभन्दा महत्त्वपूर्ण स्रोत-साधन हुनुहुन्छ। उहाँले मोशालाई त्यही कुरा सिकाउँदै हुनुहुन्छ। मोशालाई खाना चाहिन्छ। मोशालाई पानी चाहिन्छ।

मोशालाई नेतृत्वको आवश्यकता पर्नेछ। मोशाले "म तँसित हुनेछु, र म हुँ भन्ने परमेश्वर ह" भन्ने कुरा नबुझेसम्म त्यो केही पनि आउनेवाला थिएन। प्रस्थान ४:१ मा कुराकानी अझै पनि जारी रहन्छ। मोशाले जवाफ दिन्छन्, "यदि तिनीहरूले मलाई पत्याएनन् र मेरो कुरा नसुनी, 'परमप्रभु तिमीकहाँ देखा पर्नुभएको होइन' भनेर जवाफ दिए भने, के भन्ने?" तब परमप्रभुले तिनलाई भन्नुभयो, "त्यो तेरो हातमा के छ?" तिनले जवाफ "लट्ठी," र परमप्रभुले भन्नुभयो, "त्यो भुइँमा फाल्।" त्यसैले मोशाले लट्ठी लिएर भुइँमा फाल्छन्, र बाँकी कथा तपाईंलाई थाहा छ। त्यो लट्ठी सर्पमा परिणत हुन्छ।

परमेश्वर खास गरी यसो भन्दै हुनुहुन्छ, “मोशा, म तँलाई चाहिने सबै दिनेछु। तैंले केवल आफ्नो हातमा भएको थोक प्रयोग गर। तेरो हातमा के छ?” अनि मोशाले एउटा लट्ठी भन्छन्, र परमेश्वरले भन्नुहुन्छ, “त्यति भए पुग्छ। त्यसले काम गर्नेछ।” जब तपाईं मोशाको कथा पढ्नुहुन्छ, तपाईंले थाहा पाउनुहुन्छ कि तिनले त्यो लट्ठी भुइँमा फाल्छन्, र त्यो सर्पमा परिणत हुन्छ, अनि त्यसले अरू सबै सर्पहरूलाई निल्दछ।

तिनले त्यो लट्ठी उठाए, पानीमाथि समुद्रमाथि राखे, अनि समुद्र दुई भाग भयो, र तिनीहरू स्वतन्त्रता भएर हिँडे।

जब स्रोत-साधनका लागि परमेश्वरमाथि भरोसा गर्ने कुरा आउँछ, परमेश्वरले “त्यहाँ हेर, र तिमी के चाहन्छौ?” भन्दै सुरु गर्नुहुन्न। उहाँले “तिम्रो हातमा के छ? तिम्रो हातमा जे छ त्यसबाट सुरु गर” भन्दै सुरु गर्नुहुन्छ। “अहो, तपाईंसँग केही रोटी र थोरै माछाहरू छन्? ठीकै छ, त्यहींबाट सुरु गर्नुहोस्।” त्यति भए पुग्छ।

परमेश्वरले तपाईंलाई सुरुमा जे दिनुभएको छ, त्यत्ति नै पर्याप्त छ। किनकि सेवकाईमा धेरै पटक के हुन्छ भने जब हामीसँग ठूलो दर्शन हुन्छ, जुन अति नै राम्रो हुन्छ, हामीलाई त्यो दर्शनका निम्ति ठूलै प्रबन्ध चाहिन्छ। धेरै रकम नपाएसम्म, सही प्रकारका अगुवाहरू नपाएसम्म हामी निष्क्रिय रहन्छौं, र हामी कहिल्यै विश्वासको पहिलो कदम चाल्दैनौं। त्यसैले येशू भन्नुहुन्छ, “सुन, मैले तिमीहरूलाई पहिले नै जे दिएको छु त्यो हेर, तिमीहरूसँग पहिलेबाटै जे छ त्यसमा ध्यान केन्द्रित गर। तिमीहरूसँग जे छैन त्यसमा ध्यान नलगाओ, र मैले तिमीहरूलाई दिएको दर्शन पूरा गर्न तिमीहरूसँग जे छ त्यसैबाट सुरु गर। त्यसपछि तिमीहरू थप स्रोत-साधनहरू तिमीहरूकहाँ आउन थाल्नेछन्।” मोशा फेरि फर्केर परमेश्वरको सामु आउँछन्, र तिनले आफ्ना कमी-कमजोरीहरू हेर्छन्, “तर म भकभकिँदै बोल्छु। म बोल्न सक्दिनँ।” प्रस्थान १४:४ मा, परमेश्वर भन्नुहुन्छ, “हारून तँलाई भेट्न आउँदैछ, र हामी तिमीलाई भेट्न पाउँदा खुसी हुनेछौं।” उहाँले यसो भनिरहनुभएको छ, “मोशा, म तिमीलाई मानिसहरूको प्रबन्ध दिनेछु। तिमीले यो एक्लै गर्नुपर्दैन। विशेष गरी अगुवाहरूको रूपमा सेवकाईमा कहिलेकहीँ हामी एक्लो महसुस गर्छौं, र हामी त्यसको भार बोक्छौं। अनि जब हामी परमेश्वरको स्रोत-साधनहरूको बारेमा सोच्दछौं, तब हामी सामान्यतया त्यसलाई मानिसहरूको रूपमा सोच्दैनौं, तर कार्यक्रम वा रुपियाँपैसा वा भवनहरूको रूपमा सोचिरहेका हुन्छौं।

अनि फेरि, प्राथमिकता के हो? परमेश्वर भन्नुहुन्छ, “म तिमीहरूसँग हुनेछु। म तिमीलाई मेरो अधिकार दिनेछु, र म तिमीहरूलाई मानिसहरू दिनेछु।” परमेश्वरले मोशासँग भोजन, पानी वा रसद(भोजन-पानी)को बारेमा केही कुरा गर्नुभएको छैन। उहाँले आफ्नो र मानिसहरूको बारेमा कुरा गर्नुभएको छ। “हारून, तिमीलाई देखेर खुसी हुनेछ?” जब स्रोत-साधनहरूको कुरा आउँछ तब अगुवाहरूको रूपमा हाम्रो निम्ति सबैभन्दा महत्त्वपूर्ण एउटा बाइबल पद यो हो, “फसलका प्रभुले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन् भनी प्रार्थना गर्नु।”

अनि तपाईं आफ्नो हारूनका लागि प्रार्थना गर्नुहुन्छ, अनि परमेश्वरले त्यो दिनुहुन्छ? हामी धेरै पटक यस्तो सोच्छौं, “काश, यदि म राजमहलमा भएको भए, मसँग सबै नोकरहरू, सबै दासहरू, सबै धन, सबै अधिकार हुनेथियो। मैले चाहेको त्यही हो।” अनि यदि तपाईं इमानदार हुनुहुन्छ भने तपाईंले मेरो कुरा सुनिरहँदा तपाईंमा पनि त्यस्तो सोच कुनै बेला थियो भनी जान्नुहुन्छ। तिमीलाई थाहा छ कहिलेकहीं तिमी त्यो मानसिकतामा फसेका छौ। अनि परमेश्वरले आफ्नो दर्शनका लागि जुन प्रबन्ध गर्नुभएको छ त्यो तपाईंका निम्ति करोडौं रूपियाँ दिलाउने कुनै गुप्त चाबी होइन।

योचाहिँ मोशाको नमुनाद्वारा तपाईंको सोच र विश्वासलाई पुनर्स्थापित गर्दै यसो भन्नु हो, “होइन, म राजमहल र स्वाभाविक परिस्थितिहरूमा भर पर्नेछैनँ। म चौबाटो भएर जानेछु, र म प्रतिज्ञा गरिएको देशमा पुग्नेछु। अनि मलाई सबैभन्दा बढी चाहिने प्रबन्ध भनेको “म तँसित हुनेछु” हो। मलाई सबैभन्दा बढी चाहिने प्रबन्ध भनेको परमेश्वरले, “म तिमीलाई मेरो अधिकार दिँदैछु” भन्नु हो।

मलाई सबैभन्दा बढी चाहिने प्रबन्ध भनेको हारून हो जो मसँगै हिँड्नेछ। मोशा परिवर्तन भए।

यस कथाले यो कुरा धेरै स्पष्ट रूपमा वर्णन गरेको छ। तिनी गए र राजमहलमा सुरु गरे, तर त्यो बाटोद्वारा भएर जाँदा तिनी परमेश्वरको स्रोत-साधनमा भर पर्ने स्थितिमा पुगे। यो कुरा प्रस्थान ३३ अध्यायमा हाम्रो लागि वर्णन गरिएको छ, जहाँ मोशा आफै परिवर्तन हुन्छन्। पद १५ मा, मोशाले परमेश्वरलाई यसो भन्छन्, “यदि तपाईंको उपस्थिति हामीसँग गएन भने हामीलाई यहाँबाट उता नलानुहोस्।” यदि तपाईं हामीसँग जानुभएन भने तपाईं मसँग र तपाईंका मानिसहरूसँग खुसी हुनुहुन्छ भनेर कसैले कसरी थाहा पाउँछ? अर्को कुन कुराले मलाई र तपाईंका मानिसहरूलाई पृथ्वीका अरू सबै मानिसहरूबाट फरक बनाउनेछ?

अनि परमप्रभुले मोशालाई भन्नुभयो, “तैंले भनेकै कुरा म गर्नेछु, किनकि तैंले मेरो दृष्टिमा निगाह पाएको छस्, र मैले तँलाई नाउँले नै चिनेको छु।” मोशाको रूपान्तरण भयो। तिनी राजमहलबाट निस्के, “मैले परमेश्वरका निम्ति यो गर्नुपर्छ। मलाई स्रोत-साधनहरू चाहिन्छ। यदि परमेश्वर मसँग हुनुहुन्न भने, म यो गर्न पनि चाहन्नँ, किनकि मानिसहरूले परमेश्वरलाई कसरी देख्नेछन्?” मोशालाई अब थाहा भयो कि तिनको पहिचान अब केवल परमेश्वरलाई महिमा दिने प्रतिबिम्ब मात्र हो। “मलाई थाहा छ, तपाईंसँग एउटा ठूलो दर्शन छ, र म जान्दछु, कि त्यो दर्शनलाई स्रोत-साधनहरू चाहिन्छ।”

तपाईं राजमहलमा भागदौड गर्ने परीक्षामा नपर्नुहोस्, तर मोशाजस्तै आफूलाई येशूको चरणमा राख्नुहोस्। अनि तपाईंको जीवन र सेवकाई परमेश्वरलाई महिमा दिनका निम्ति हो भनी विश्वास गर्नुहोस् र जान्नुहोस्, यसरी परमेश्वरले केही अनौठा तरिकाले त्यो गर्नुहुनेछ। महत्त्वपूर्ण कुरा भनेको “म तँसित हुनेछु” भन्नुहुने “म हुँ” परमेश्वरमा तपाईंको विश्वास हो। तपाईंको हातमा जे छ त्यो लिनुहोस् र दर्शन पूरा गर्न थाल्नुहोस् अनि बाँकी कुराहरू मैले सही समयमा एक-एक चरण गर्दै ल्याएको हेर्नुहोस्।